**Tribhuvan University Journal**
**Vol. 39, No. 1: 204-217, June 2024**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v39i1.66758**

**This work is licensed under the Creative Commons CC BY-NC License.**
**https://creativecommons.org/licenses/by-nc/4.0/**

# विषय शिक्षकका दृष्टिमा स्नातक नेपाली शिक्षाका पाठ्यांश

***बुद्धराज खनिया***

*शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, काठमाडौँ*

*इमेल : khaniya.br1@gmail.com*

Received date: 26 Aug. 2023 – Accepted date : 20 Oct. 2023

## लेखसार

यो अनुसन्धान लेख त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायले चार बर्से बिएडमा लागु गरेको मुख्य नेपालीका दश पाठ्यांशमा केन्द्रित छ । विषय शिक्षकको धारणाका आधारमा निर्दिष्ट पाठ्यांशमा समाविष्ट पाठ्यविषयलाई शैक्षणिक दृष्टिले विश्लेषण गर्ने उद्देश्य राखेर यो लेख तयार गरिएको हो । यसमा गुणात्मक अनुसन्धानको स्थलगत अध्ययनअनुसार उद्देश्यपूर्ण नमुना छनोटका आधारमा काठमाडौँ उपत्यकामा रहेका छ ओटा क्याम्पसबाट चारबर्से बिएडमा प्राध्यापन गर्ने बिसजना विषय शिक्षक छनोट गरी उनीहरूसँग अर्ध संरचनात्मक अन्तरवार्ता गरी तथ्य सङ्कलन गरिएको छ। सङ्कलन गरिएका तथ्यहरूलाई वर्णनात्मक एवम् व्याख्यात्मक तरिकाले विश्लेषण गरिएको छ। यसअनुसार नेपाली कथा र उपन्यास, नेपाली नाटक, एकाङ्की र निबन्ध, नेपाली कविताकाव्य र साहित्यशास्त्र र नेपाली समालोचना गरी जम्मा चार पाठ्यांशमा समाविष्ट पाठ्यविषयहरू साहित्यिक विधासँग सम्बन्धित छन् । त्यस्तै भाषाविज्ञान र नेपाली भाषाको पाठ्यांशमा सामान्य भाषाविज्ञान र नेपाली भाषाका विशेषतासम्बन्धी पाठ्यविषयहरू रहेका छन् । निर्धारित सबै पाठ्यविषय सैद्धान्तिक किसिमले छनोट र स्तरण गरिएको छ । तसर्थ अधिकांश विषय शिक्षकले भने बमोजिम निर्धारित सैद्धान्तिक पाठ्यविषयलाई भाषा शिक्षण सिकाइसँग जोडेर शिक्षाशास्त्रीय बनाउनु पर्दछ । त्यसैगरी नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति, नेपाली भाषा शिक्षण, अनुसन्धानविधि, व्यावहारिक लेखन तथा सम्पादनका पाठ्यांशमा समाविष्ट पाठ्यविषय प्रत्यक्ष भाषा शिक्षण सिकाइसँग सम्बन्धित भएकाले र प्रायोगिक भाषा विज्ञानको पाठ्यांश प्रायोगिक प्रकृतिको भएको हुँदा उक्त पाँचओटै पाठ्यांशलाई यथावत गरी तिनका पाठ्यविषयलाई सम्बन्धित विषय शिक्षकले भने बमोजिम विद्यार्थीको स्तरअनुसार समयसापेक्ष हुनेगरी परिमार्जन गर्नुपर्ने देखिन्छ ।

**शब्दकुञ्जी :** पाठ्यक्रम योजना, भाषा शिक्षण सिकाइ, मुख्य पाठ्यांश, साहित्यिक विधा, सैद्धान्तिक पाठ्यविषय

## विषयपरिचय

नेपाली भाषा नेपालको राष्ट्र भाषा हो । यो शिक्षा, सञ्चार र प्रशासनको माध्यम भाषा हो । नेपालका प्रायः सबैजसो भाषाभाषीका बिच नेपालीमा नै भाषिक व्यवहार हुनेगर्छ । २०७८ सालको राष्ट्रिय जनगणनाअनुसार नेपालमा १४२ जातजाति र १२४ मातृभाषा प्रयोगमा छन् । सो जनगणनाको प्रतिवेदन (सन् २०२३) ले नेपाली मातृभाषीहरू ४४.८६ प्रतिशत रहेको देखाएको छ । यस तथ्याङ्कअनुसार ४४.८६ प्रतिशत नेपालीले नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्छन् भने बाँकी नेपालीले नेपालीलाई दोस्रो भाषाका रूपमा प्रयोग गर्छन् । पहिलो भाषाका रूपमा होस् वा दोस्रो भाषाका रूपमा होस्, प्रायः सबै नेपालीले नेपाली भाषा प्रयोग गर्ने हुँदा नेपाली भाषाको शिक्षण सिकाइ आवश्यक छ ।

नेपाली भाषाको शिक्षण सिकाइ व्यक्तिगत वा ससानो समूहमा अनौपचारिक रूपमा प्राचीन कालदेखि चल्दै आएको भए पनि संस्थागत रूपमा प्रारम्भ भएको यसको इतिहास त्यति लामो छैन । अधिकारी (२०६७) का अनुसार १९५८ सालमा भाषा पाठशाला स्थापना गरेर सर्वसाधारणलाई नेपाली भाषाका माध्यमबाट प्रारम्भिक शिक्षा दिने पहिलो प्रयास गरियो । काठमाडौँ उपत्यकामा पचास र उपत्यका बाहिर एकसय गरी जम्मा एकसय पचास भाषा पाठशाला खोलेर नेपाली भाषा प्राथमिकताका साथ पठनपाठन गरियो (खनिया, २०८०, पृ. २३) । यस सन्दर्भमा पौडेल (२०७०) भन्छन् - “भाषा पाठशालामा शिक्षण गर्नका लागि जयपृथ्वीबहादुर सिंहले ‘अक्षराङ्क शिक्षा’ नामक पहिलो पाठ्यपुस्तक तयार गरेका थिए । त्यसमा नेपाली भाषा र अङ्क गणितका आधारभूत कुराहरू समावेश गरिएका थिए” (पृ. २१) । भाषा पाठशालापछि अधिकारी (२०६७), शर्मा र पौडेल (२०६८), खनिया (२०८०) का अनुसार वि.सं. १९६८ मा भारतको इलाहाबाद बोर्डले म्याट्रिक परीक्षामा नेपालीलाई ऐच्छिक विषयका रूपमा मान्यता दिनु, वि.सं. १९६९ मा स्थापित गोरखा भाषा प्रकाशिनी समितिले नेपाली भाषामा विभिन्न पुस्तकहरू प्रकाशन गर्नु, वि.सं. १९९० मा स्थापना भएको एसएलसी बोर्डले ३०० पूर्णाङ्कको नेपाली पढ्न पाउने बनाउनु, वि.सं. २००४ मा आधार शिक्षाको नयाँ अवधारणाअनुसार प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा १००/१०० पूर्णाङ्कका एक एक पत्र नेपाली पढ्ने व्यवस्था मिलाउनु, त्यसपछि क्रमशः वि.सं. २००७ मा नेपाल राष्ट्रिय विद्यापीठ, वि.सं. २००८ मा नेपाली शिक्षा परिषद्, वि.सं २००९ मा नर्मल स्कुल, वि.सं २०१३ मा कलेज अफ एजुकेसन, वि.सं २०१८ मा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति स्थापना हुनुबाट नेपाली भाषाको पठनपाठनमा निकै विस्तार भएको पाइन्छ ।

वि.सं २०२८ मा राष्ट्रिय शिक्षा पद्धतिको योजना स्थापनापछि नेपालको समग्र शिक्षामा उल्लेखनीय परिवर्तन भए झैँ नेपाली भाषाको शिक्षण सिकाइमा पनि नयाँ आयाम

आएको मानिन्छ । त्यसपछि २०३८, २०४९, २०५५, २०६४ साल हुँदै क्रमशः नेपाली भाषा शिक्षण सिकइको संरचनागत तथा गुणात्मक परिवर्तन हुँदै आएको पाइन्छ । त्यसैगरी २०१६ सालमा त्रिभुवन विश्वविद्यालय स्थापना भएपछि नेपालमा उच्चशिक्षाले गति लिएको पाइन्छ । त्यसपछि अन्य विषय जस्तै नेपाली भाषाको पनि प्रवीणता प्रमाणपत्र तहदेखि स्नातकोत्तर तह हुँदै अहिले विद्यावारिधि तहसम्म पठनपाठन हुँदै आएको छ । उच्चशिक्षाको संरचनाअनुसार स्नातक तहमा दुईबर्से, तीनबर्से, चारबर्से तथा स्नातकोत्तर तहमा वार्षिक प्रणाली हुँदै सत्र प्रणाली अन्तर्गत नेपाली भाषा शिक्षण सिकाइको पठनपाठन हुँदै आएको छ । अहिले दर्जनभन्दा बढी स्थापना भएका विश्वविद्यालयमा नेपाली भाषाको पाठ्यक्रम-पाठ्यांश निर्माण गरी शिक्षण सिकाइ भइरहेको छ ।

त्रिवि, शिक्षाशास्त्र सङ्कायले चारबर्से बिएडमा लागु गरेको पाठ्यांशको संरचनाअनुसार सञ्चार सिप (कम्युनिकेसन स्किल) अन्तर्गत १००/१०० पूर्णाङ्कका दुई पाठ्यांश, पेसागत मुख्य क्षेत्र (प्रोफेसनल कोर एरिया) अन्तर्गत १००/१०० पूर्णाङ्कका चार पाठ्यांश, विशिष्टीकरण मुख्य (मेजर) अन्तर्गत १००/१०० पूर्णाङ्कका दश पाठ्यांश, विशिष्टीकरण सहायक (माइनर) अन्तर्गत १००/१०० पूर्णाङ्कका पाँच पाठ्यांश र शिक्षण भनेर १०० पूर्णाङ्कको एउटा पाठ्यांश पठनपाठन हुँदै आएको छ । यसअनुसार मुख्य (मेजर) नेपाली शिक्षाका नेपाली कथा र उपन्यास (नेपाशि ४१६), नेपाली नाटक, एकाङ्की र निबन्ध (नेपाशि ४१७), भाषाविज्ञान र नेपाली भाषा (नेपाशि ४२२), नेपाली कविताकाव्य (नेपाशि ४२३), नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति (नेपाशि ४२४), नेपाली भाषा शिक्षण (नेपाशि ४३२), साहित्यशास्त्र र नेपाली समालोचना (नेपाशि ४३४), प्रायोगिक भाषा विज्ञान (नेपाशि ४३३), अनुसन्धानविधि (नेपाशि ४४५) र व्यावहारिक लेखन तथा सम्पादन (नेपाशि ४४६) गरी जम्मा दश पाठ्यांश रहेका छन् ।

नेपालभर रहेका त्रिविका क्याम्पसहरूमा पठनपाठन हुने उक्त पाठ्यांशहरूको अध्ययन अनुसन्धान भएको पाइँदैन । पाठ्यांशका उद्देश्य, पाठ्यविषय, शिक्षणविधि लगायत पाठ्यांशप्रति सरोकारवालहरूको दृष्टिकोण जस्ता पक्षमा अध्ययन अनुसन्धान भएको देखिँदैन । तसर्थ विषय शिक्षकको धारणाका आधारमा स्नातक नेपाली शिक्षाका पाठ्यांशको विश्लेषण गर्ने उद्देश्य निर्धारण गरेर यो लेख तयार गरिएको हो । यो अनुसन्धान लेख मुख्य नेपालीका दश पाठ्यांशमा समाविष्ट पाठ्यविषयमा मात्र केन्द्रित छ । निर्धारित पाठ्यविषयलाई भाषा शिक्षण सिकाइका दृष्टिले व्याख्या विश्लेषण गरिएको छ ।

## पाठ्यक्रमको सैद्धान्तिक परिचय

निउरे (२०७४) का अनुसार फ्रान्कलिन बोबिटले सन् १९१८ मा पाठ्यक्रम (The Curriculum) नामक पुस्तक प्रकाशन गरेपछि पाठ्यक्रमका बारेमा औपचारिक बहस प्रारम्भ भएको मानिन्छ । त्यसपछि समय क्रममा पाठ्यक्रलाई हेर्ने, बुझ्ने र व्याख्या गर्ने कुरामा धेरै भिन्नता हुँदै गएको पाइन्छ । पाठ्यक्रमका सन्दर्भमा टिच (सन् २००८) ले पाठ्यक्रमलाई

सिक्ने सिकाउने कुराको योजना, त्यसको कार्यान्वयन र मूल्याङ्कनका रूपमा व्याख्या गरेका छन् । रिचड्‌र्स (सन् २०१३) ले पाठ्‌यक्रमलाई समग्र योजनाका रूपमा परिभाषित गरेका छन्, जुन शिक्षण सिकाइमा रूपान्तर गरिन्छ र सिकाइ परिणाम प्राप्त गर्न सक्षम हुन्छ । यस्तै किसिमले राजी निया, अब्बासपुर र जरे (सन् २०१३) ले पाठ्‌यक्रम योजना भनेको के सिकाइन्छ र कुन क्रममा सिकाइन्छ भन्ने कुराको निर्णय गर्नु हो भनेका छन् । ड्रुजिनिना, बेल्कोभा, डोन्चेन्को, लिउ र मोरोजोभा (सन् २०१८) ले पाठ्‌यक्रम योजनालाई गतिशील र उच्चस्तरीय प्रक्रियाका रूपमा लिएका छन् । लिलासोपवत (सन् २०२२) का अनुसार पाठ्‌यक्रम विकास शिक्षण सिकाइको योजना, विकास, कार्यान्वयन र मूल्याङ्कनसँग सम्बन्धित छ । उनले सिकारुको आवश्यकता, शिक्षकको बुझाइ, शैक्षिक नीति र सामाजिक अपेक्षाहरू बिचको अन्तरक्रियालाई उच्च महत्त्व दिएका छन् ।

अधिकारी (२०७०) र श्रेष्ठ र रंजितकार (२०७६) ले पाठ्‌यक्रमका तत्त्वहरूको चर्चा गर्दै पाठ्‌यक्रम निर्माण गर्दा आवश्यकताको पहिचान, उद्देश्यको निर्धारण, विषयवस्तुको सङ्गठन, सिकाइ अनुभवहरूको सङ्गठन र मूल्याङ्कन जस्ता चरणहरू पूरा गर्नुपर्ने बताएका छन् ।

निउरे (२०७४) र भट्टराई र जिसी (२०७५) ले राष्ट्रिय पाठ्‌यक्रम प्रारूप २०६३ लाई उल्लेख गर्दै नेपालमा पाठ्‌यक्रम विकासका सिद्धान्तहरूको चर्चा गरेका छन् । उनीहरूका अनुसार बृहत् तथा सन्तुलित शिक्षाको अवधारणा, सिकाइका प्रमुख क्षेत्रहरूको सङ्गठन, एकीकृत पद्धति, बाल केन्द्रित विकासात्मक पद्धति, आधारभूत शिक्षाको माध्यम, समावेशी शिक्षानीति, स्थानीय आवश्यकता, पूर्वीय ज्ञानमा आधारित संस्कृत शिक्षा, सूचना तथा सञ्चार प्रविधि, जीवनोपयोगी सिप, कार्यप्रति अभिमुख, विद्यार्थी मूल्याङ्कन, सहभागितामूलक पाठ्‌यक्रम विकास प्रक्रिया, वैकल्पिक शिक्षा, नेपाली मूल्य र मान्यता, अनुसन्धान, शिक्षण सिकाइ कार्यकलाप र विद्यालय शिक्षा र गुणस्तर मानक अनुरूप पाठ्‌यक्रम विकास गर्नुपर्दछ ।

पाठ्‌यक्रम निर्माण प्रक्रिया तथा ढाँचाका दृष्टिले सामान्यतः सबै किसिमका पाठ्‌यक्रममा समानता पाइन्छ । तर अन्य पाठ्‌यक्रममा सम्बन्धित विषयवस्तु शिक्षण सिकाइको योजना हुन्छ भने भाषा पाठ्‌यक्रममा भाषा र विविध विषयवस्तुलाई एकीकृत रूपमा योजना गरिएको हुन्छ । भाषा पाठ्‌यक्रमका सन्दर्भमा नेसन र म्याकालिस्टर (सन् २०१०) ले भाषा पाठ्‌यांशमा भाषिक आइटम, विचार, सिप र रणनीतिहरू समावेश गरिने बताएका छन् । अधिकारी (२०६७) र शर्मा र पौडेल (२०६८) ले भाषा पाठ्‌यक्रममा पाठ्‌यवस्तुको छनोट र स्तरणको चर्चा गरेका छन् । उनीहरूले आन्तरिक एवम् बाह्य आधारमा छनोट गरिएका पाठ्‌यविषयलाई पङ्क्तीय तथा चक्रीय स्तरण गर्न सकिने बताएका छन् । यही सन्दर्भमा पौडेल (२०६७) र ढुङ्गेल र दाहाल (२०७६) ले भाषा पाठ्‌यक्रमका प्रकारमा पद्धतिनिष्ठ, प्रबन्धनिष्ठ र प्रयोजनपरक पाठ्‌यक्रमको चर्चा गरेका छन् । भियाना र पेराल्टा (सन् २०२१)

ले भने वयस्क सिकारुहरू आफैँ स्वायत्त हुने र सिकाइलाई व्यवस्थापन गर्नसक्ने हुँदा सिकाइ प्रक्रिया लचिलो हुने भएकाले प्रत्येक शिक्षक आफैँले शिक्षण सिकाइलाई संयोजन गर्नसक्ने बताएका छन् ।

खनिया (२०७९) द्वारा गरिएको स्नातकोत्तर तहको नेपाली शिक्षाका पाठ्यांशहरूको अध्ययनमा प्रायोगिक पाठ्यांशलाई समयसापेक्ष परिमार्जन गर्नुपर्ने र सैद्धान्तिक पाठ्यांशलाई शैक्षणिक स्वरूप दिनुपर्ने निष्कर्ष निकालिएको छ । त्यस्तै खनिया (२०८०) द्वारा गरिएको अर्को एक अध्ययनमा विद्यार्थीको तह र स्तर एवम् शिक्षाशास्त्रीय मर्मअनुसार स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षणका पाठ्यांशहरूको छनोट र स्तरण हुनुपर्ने निष्कर्ष दिइएको छ । त्यसैगरी आकास (सन् २०२३) ले गरेको स्तानबुलको राज्य विश्वविद्यालयमा अङ्ग्रेजी भाषा पाठ्यक्रमको मूल्याङ्कनबाट बोलाइ र लेखाइ सिपको विकासमा सो पाठ्यक्रम कम प्रभावकारी भएको देखाइएको छ ।

भाषा पाठ्यक्रममा भाषा सिकाइका उद्देश्य निर्धारण, भाषाका पाठ्यविषयको छनोट र स्तरण, शिक्षणविधि र तरिका, मूल्याङ्कनका आधार एवम् अध्ययनका स्रोत सामग्रीहरूको सूचना दिइन्छ । पाठ्यक्रमका आधारमा आवश्यकताअनुसार पाठ्यपुस्तक-सन्दर्भ पुस्तक तयार गरी शिक्षण सिकाइ गरिन्छ । समग्र शैक्षणिक कार्यक्रम वा कुनै पक्ष विशेषलाई यथावत राख्ने वा परिमार्जन गर्ने अथवा बन्द गर्ने भन्ने निर्णय लिनका लागि कोर्डी र कुसा (सन् २०१८) ले भने झैँ निर्धारित पाठ्यांशको मूल्याङ्कन गर्न आवश्यक छ ।

माथि उल्लेख भए बमोजिमका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरिएका पाठ्यक्रम-पाठ्यांशसम्बन्धी सैद्धान्तिक तथा अनुसन्धानात्मक कार्यहरूले प्रस्तुत अनुसन्धान लेख तयार गर्न मार्ग निर्देश गरेका छन् । यी सामग्रीहरूबाट प्राप्त भाषा पाठ्यक्रमसम्बन्धी मान्यता, दृष्टिकोण तथा ढाँचाले पाठ्यविषयको मूल्याङ्कन सम्बन्धी यो अनुसन्धान लेख तयार गर्न सैद्धान्तिक आधार प्राप्त भएको छ । तर चालु रहेको स्नातक नेपाली शिक्षाका पाठ्यांशसम्बन्धी अध्ययन अनुसन्धान नभएको हुँदा पाठ्यक्रम कार्यान्वयनका प्रमुख पक्षधर विषय शिक्षकका दृष्टिमा स्नातक नेपाली शिक्षाका मुख्य पाठ्यांशको मूल्याङ्कन गरिएको हो ।

## अध्ययनविधि

यो अनुसन्धान लेख गुणात्मक अनुसन्धानको स्थलगत अध्ययनमा आधारित छ । स्थलगत अध्ययनका लागि उद्देश्यपूर्ण नमुना छनोटका आधारमा काठमाडौँ उपत्यकामा रहेका सानोठिमी बहुमुखी क्याम्पस, सानोठिमी, महेन्द्ररत्न बहुमुखी क्याम्पस, ताहचल, बानेश्वर बहुमुखी क्याम्पस, बानेश्वर, जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौँ बहुमुखी क्याम्पस, सतुङ्गल र एन आर कलेज, नेपालटार गरी जम्मा छ ओटा क्याम्पसमा चारबर्से बिएडमा मुख्य नेपालीका विषय प्राध्यापन गर्ने बिसजना शिक्षक छनोट गरिएको

छ । प्रत्येक विषय विषय शिक्षकसँग अलग अलग भेटघाट गरी ब्ली र टेलर (सन् २००२) ले भने झैँ अर्ध संरचना प्रकृतिको अन्तरवार्ता गरी तथ्य सङ्कलन गरिएको छ । सङ्कलन गरिएका तथ्यहरूलाई गुणात्मक अनुसन्धानको ढाँचाअनुसार प्रत्येक पाठ्यांशलाई अलग अलग शीर्षकमा व्याख्या विश्लेषण गरिएको छ । यस क्रममा स्नातक तहको नेपाली शिक्षाका पाठ्यांशमा समाविष्ट पाठ्यविषयलाई भाषा शिक्षण सिकाइका दृष्टिले विश्लेषण गरी निष्कर्ष निकालिएको छ। यसका लागि अनुसन्धानको नैतिक पक्षलाई ध्यान दिई विषय शिक्षकको नाम उल्लेख नगरी सङ्केतका आधारमा उनीहरूको धारणा प्रस्तुत गरिएको छ। छनोट गरिएका बिसजना शिक्षकहरूलाई शिक्षक एक, शिक्षक दुई, शिक्षक तीन गरी क्रमशः शिक्षक बिस सङ्केत गरिएको छ । यही सङ्केतका आधारमा पहिले साझा धारणा प्रस्तुत गरेपछि आवश्यकताअनुसार विषय शिक्षकका व्यक्तिगत धारणा समेत उल्लेख गरिएको छ।

## नतिजा र छलफल

यहाँ त्रिवि, शिक्षाशास्त्र सङ्काय डिन कार्यालयले चारबर्से बिएडमा लागु गरेको मुख्य नेपालीका दश पाठ्यांशमा समाविष्ट पाठ्यविषयलाई सम्बन्धित विषय शिक्षकको धारणाका आधारमा भाषा शिक्षण सिकाइका दृष्टिबाट व्याख्या विश्लेषण गरिएको छ । पाठ्यक्रमका प्रमुख अङ्गहरू : उद्देश्य, पाठ्यविषय, शिक्षणविधि, मूल्याङ्कनमध्ये यस लेखमा निर्दिष्ट पाठ्यविषयहरूको मात्र लेखाजोखा गरिएको छ ।

### *स्नातक नेपाली शिक्षाका पाठ्यांशप्रति विषय शिक्षकको धारणा*

निर्धारित पाठ्यांशप्रति विषय शिक्षकले दिएका साझा धारणा प्रस्तुत गरेपछि आवश्यकताअनुसार शिक्षकका व्यक्तिगत धारणा समेत जोडेर व्याख्या विश्लेषण गरिएको छ ।

**भाषाविज्ञान र नेपाली भाषा.** भाषाविज्ञान र नेपाली भाषाको पाठ्यांशमा भाषा र भाषिक भेद, भाषाविज्ञान र यसका शाखाहरू, ध्वनिविज्ञान, वर्णविज्ञान, रूपविज्ञान, वाक्य विज्ञान र अर्थविज्ञान, भारोपेली परिवार र नेपाली भाषा, नेपाली भाषाको उत्पत्ति र विकासक्रम र नेपालमा बोलिने भाषा परिवार गरी दश किसिमका मूल पाठ्यविषयलाई दश एकाइमा विस्तार गरिएको छ ।

'भाषाविज्ञान र नेपाली भाषा' प्राध्यापन गर्ने विषय शिक्षकले सो पाठ्यांशमा समाविष्ट पाठ्यविषय स्नातक तहको स्तरअनुसार भएको धारणा राखेका छन् । उनीहरूका अनुसार भाषाविज्ञान र नेपाली भाषासम्बन्धी विषयवस्तुको ज्ञानका लागि निर्धारित पाठ्यविषय सान्दर्भिक देखिन्छन् । तर शिक्षक एक भन्छन् - "ध्वनिविज्ञान, अर्थविज्ञान, नेपाली भाषाको उत्पत्ति जस्ता पाठ्यविषय विद्यार्थीलाई कठिन लागेको छ ।" उनका अनुसार विद्यार्थीहरूले ज्यादै कम अध्ययन गर्ने भएकाले पनि उल्लिखित पाठ्यविषय जटिल भएको हो । सो विषयका विषय शिक्षकले भाषाविज्ञान र नेपाली भाषाका मूल मूल पाठ्यविषयलाई भाषा

शिक्षण सिकाइसँग जोड्न उपयुक्त हुने धारणा राखेका छन् । शिक्षक दुईले “भाषाविज्ञानका पाठ्यविषयलाई सैद्धान्तिक किसिमले मात्र नभई प्रायोगिक किसिमले जोड्नुपर्ने” राय प्रस्तुत गरेका छन् ।

**नेपाली कथा र उपन्यास.** नेपाली कथा र उपन्यासको पाठ्यांशमा नेपाली कथा र उपन्यासका सिद्धान्तका साथै निर्धारित कथाकार एवम् उपन्यासकार र तिनका कथा तथा उपन्यासहरू समावेश गरिएका छन् । कथा अन्तर्गत सहिद, परिबन्द, शत्रु, सावित्रीको बाख्रो, निद्रा आएन, लाहुरी भैंसी, पहेंलो गुलाफ, एउटा विचारको यात्रा पथ, ग्याँस च्याम्बरको मृत्यु, एकान्त, सिटिहलको एउटा बुढो ज्यामी, चुनौती, थैले खत्रीको इतिहास, माछो माछो भ्यागुतो रहेका छन् । उपन्यास अन्तर्गत मुलुकबाहिर, नरेन्द्रदाइ, शिरीषको फूल, भोक र भित्ताहरू, उपसंहार अर्थात् चौथो अन्त्य, यमपुरीको महल रहेका छन् ।

सम्बन्धित विषय शिक्षकले नेपाली कथा र उपन्यासका सैद्धान्तिक पक्ष (विकासक्रम) लाई विस्तृत नभई संक्षेपमा प्रस्तुत गर्नुपर्ने धारणा राखेका छन् । उनीहरूका अनुसार सहिद, परिबन्द जस्ता ज्यादै सरल र सामान्य कथा कृति हटाएर समसामयिक रचना समावेश गर्नु पर्दछ । त्यसैगरी समावेशी हुनेगरी पुराना कृतिका साथै नयाँ पुस्ताका उत्कृष्ट रचना पनि समावेश गनु पर्दछ । भाषा शिक्षण सिकाइका दृष्टिले सो पाठ्यांशप्रति विषय शिक्षकको धारणा भिन्न देखिएको छ । यस सन्दर्भमा शिक्षक तिनले नेपाली कथा र उपन्यासका पाठ्यविषयलाई भाषा शिक्षण सिकाइसँग जोड्नुपर्ने राय दिएका छन् भने शिक्षक चारले कथा र उपन्यास साहित्यिक विधा भएको हुँदा भाषा शिक्षण सिकाइसँग जोड्न आवश्यक नभएको र साहित्यिक दृष्टिले शिक्षण गर्न उपयुक्त हुने बताएका छन् ।

**नेपाली नाटक, एकाङ्की र निबन्ध.** नेपाली नाटक, एकाङ्की र निबन्धको पाठ्यांशमा नाटक, एकाङ्की र निबन्धको सैद्धान्तिक परिचयका साथै नाटक अन्तर्गत अन्धवेग, मसान, भोलि के हुन्छ ? बाँसुरीमा नअटाएका धुनहरू, एकाङ्की अन्तर्गत मरुभूमिका लेखक, भावना, युगको सिकार, गोलार्द्धका दुई छेऊ, म भनेको हामी, अब बाँझो हुन्न, निमावीय र निबन्ध अन्तर्गत देखेको, नेपाली साहित्यका सर्वश्रेष्ठ पुरुष, देशप्रेम, तस्बिर, एक पत्र सम्पादकलाई, शूरवीरहरूको नरकयात्रा, एक घन्टा बिताउन, भान्सा भो हजूर ? शालिक (शालिकमा सङ्कलित), आँसु छचल्किँदै जान्छ, ताकलाकोटदेखि मानसरोवरसम्म, रोम जलिरहेछ; निरो बाँसुरी बजाइरहेछ, बोलीको बगैंचा शीर्षकका कृतिहरू रहेका छन् ।

सम्बन्धित विषय शिक्षकले नेपाली नाटक, एकाङ्की र निबन्धको पाठ्यांश स्नातक तहको स्तर अनुरूप भएको धारणा राखेका छन् । तर उनीहरूले विद्यार्थीको भाषिक पृष्ठभूमि र अध्ययनको कमीले गर्दा होला केही पाठ्यविषय शिक्षण गर्न कठिन भएको बताएका छन् । सो विषयका दुवै शिक्षकले नेपाली नाटक, एकाङ्की र निबन्धको पाठ्यांशमा साहित्यिक दृष्टिका साथै भाषा शिक्षण सिकाइका दृष्टिले पनि पाठ्यविषय समावेश गर्नुपर्ने राय दिएका

छन् । यस क्रममा शिक्षक पाँचले भनेका छन् - "निर्दिष्ट कृतिहरूको पठन, विवेचना वा विश्लेषणबाट विद्यार्थीको भाषा सिकाइमा मद्दत पुग्दछ ।" शिक्षक छले निर्धारित पाठ्यांशमा नै भाषा शिक्षण सिकाइसँग जोडेर पाठ्यविषय सङ्गठित गरे सोहीअनुसार शिक्षण गर्न सहज हुने राय दिएका छन् ।

**नेपाली कविता काव्य.** नेपाली कविता काव्यको पाठ्यांशमा कविता, गजल, बाल कविता, खण्डकाव्य र महाकाव्यका सैद्धान्तिक परिचयका साथै सम्बन्धित विधाका कृतिहरू समावेश गरिएका छन् । कविता अन्तर्गत गौंथलीको चिरीविरी -१, स्वर्ग र देवता, यात्री, ओखलढुङ्गा, मानिस जस्तो अमर मैले देखिनँ क्यै पनि, सान्त्वना, छोरीलाई मानचित्र पढाउँदा, फर्सीको जरा, असार, मातेको मान्छेको भाषण : मध्यरातपछिको सडकसित, रहर, स्वदेशको गौरव, नानीहरूको सपना लेख, काठमाडौं : एउटा ग्यालीप्रुफ, मान्छेः आस्थाको अभिव्यक्ति, हरायो, केही हाइकुहरू, पर्खनुपर्छ, गहुँगोरो अफ्रिका, बुढो माझी, बिसे नगर्चीको बयान, गजल अन्तर्गत किन चाहियो, छाडी जाँदै छु म सहर, गजल- सत्ताइस, बाल कविता अन्तर्गत गाउँछ गीत नेपाली, जुनतारा, सन्तको छाता, खण्डकाव्य अन्तर्गत ऋतुविचार, कुञ्जिनी, राजेश्वरी, लामो कवितामा समसारको राजदूत र महाकाव्यमा सुलोचना र मानव रहेका छन् ।

नेपाली कविता काव्यको पाठ्यांशमा समाविष्ट धेरैजसो पाठ्यविषय विद्यार्थीको स्तर अनुरूप भएको र केही पाठ्यविषय विद्यार्थीका लागि दुर्बोध्य भएको सो पाठ्यांश प्राध्यापन गर्ने शिक्षकले बताएका छन् । शिक्षक सातले बालकृष्ण समको स्वर्ग र देवता र मोहन कोइरालाको फर्सीको जरा कविता अहिलेका विद्यार्थीले जटिल मानेकाले हटाउनुपर्ने राय दिएका छन् । उनका अनुसार केही पाठ्यविषय स्नातक तहको स्तरअनुसार भए पनि विद्यार्थीको कमजोर पृष्ठभूमि र अध्ययनको कमीले प्रायः रचना शिक्षणमा विद्यार्थीहरू कुनै प्रतिक्रिया दिँदैनन् । यस सन्दर्भमा शिक्षक आठले भनेका छन् - "विद्यार्थीको स्तरअनुसारका समसामयिक कृतिहरू समावेश गर्नु पर्दछ ।" शिक्षक सातले नेपाली कविता काव्यको पाठ्यांशलाई साहित्यिक दृष्टिका साथै भाषा शिक्षण सिकाइका दृष्टिले पनि जोड्नुपर्ने धारणा व्यक्त गरेका छन् भने शिक्षक आठले नेपाली कविता काव्य साहित्यिक विधा भएको हुँदा भाषा शिक्षण सिकाइसँग जोड्न आवश्यक नपर्ने बताएका छन् ।

**साहित्यशास्त्र र नेपाली समालोचना.** साहित्यशास्त्र र नेपाली समालोचनाको पाठ्यांशमा पूर्वीय समालोचना, पाश्चात्य समालोचना प्रणाली र केही प्रमुख वाद, नेपाली समालोचना र प्रमुख नेपाली समालोचकका प्रवृत्तिसम्बन्धी पाठ्यविषयहरू राखिएका छन् । यसमा रस सिद्धान्त, ध्वनि सिद्धान्त, वक्रोक्ति सिद्धान्त, रीति सिद्धान्त, औचित्य सिद्धान्त, अलङ्कार सिद्धान्त, छन्द परिचय, नीतिपरक समालोचना, समाजपरक समालोचना, मनोविज्ञानपरक समालोचना, रूपपरक समालोचना, भाषाशैलीपरक समालोचना, परिष्कारवाद, स्वच्छन्दतावाद, यथार्थवाद, प्रगतिवाद, अस्तित्ववाद/विसङ्गतिवाद, उत्तरआधुनिकतावाद,

नेपाली समालोचनाको चरणगत विकास, सूर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्मा, बाबुराम आचार्य, यदुनाथ खनाल, डिपी अधिकारी, केशवप्रसाद उपाध्याय, दयाराम श्रेष्ठ, कृष्ण गौतम, राजेन्द्र सुवेदी र ऋषिराज बरालका समालोचना प्रवृत्ति रहेका छन् ।

सम्बन्धित विषय शिक्षकले साहित्यशास्त्र र नेपाली समालोचनाको पाठ्यांश सामान्यतः स्नातक तहको स्तरअनुसार भएको बताएका छन् । तर उनीहरूले निर्धारित पाठ्यविषय प्राप्त पाठ्यभारअनुसार बढी भएकाले निर्धारित पाठ्यविषय कम गर्नुपर्ने राय दिएका छन् । शिक्षक नौले नेपाली समालोचनाको सैद्धान्तिक अंशमा नेपाली समालोचनाको सामान्य सैद्धान्तिक परिचय मात्र दिनुपर्ने धारणा राखेका छन् । उनीहरूका अनुसार उक्त पाठ्यांशमा समाविष्ट रस, ध्वनि, वक्रोक्ति, रीति, अलङ्कार, छन्द तथा वाद जस्ता गुण एवम् तत्त्वहरू साहित्यक कृतिमा पहिचान गर्ने एवम् प्रयोग गर्ने विषय भाषा शिक्षण सिकाइसँग भन्दा पनि साहित्यक कृतिहरूसँग सम्बन्धित भएकाले यिनलाई भाषा शिक्षण सिकाइसँग जोडेर शिक्षण गर्न कठिन छ ।

**प्रायोगिक भाषा विज्ञान**. प्रायोगिक भाषाविज्ञानको पाठ्यांशमा प्रायोगिक भाषा विज्ञानको परिचय, नेपालको भाषिक स्थिति, सामाजिक भाषा विज्ञान, मनोभाषाविज्ञान, शैली विज्ञान, व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, कोशविज्ञान, अनुवाद अध्ययन र सङ्कथन विश्लेषणका पाठ्यविषयलाई दश एकाइमा छनोट र स्तरण गरिएको छ ।

'प्रायोगिक भाषाविज्ञान'का विषय शिक्षकले उल्लिखित पाठ्यविषय स्नातक तहका विद्यार्थीहरूका लागि आवश्यक र उपयोगी भएको बताएका छन् । तर उनीहरूले केही विस्तारित पाठ्यविषय प्राप्त पाठ्यभारअनुसार अधिक भएको र केही पाठ्यविषय विद्यार्थीले जटिल मानेको राय दिएका छन् । उनीहरूले व्यतिरेकी विश्लेषण, कोशविज्ञान, अनुवाद अध्ययन, सङ्कथन विश्लेषणका विस्तारित पाठ्यविषयहरू अधिक भएको बताएका छन् । शिक्षक एघारले कोश निर्माण पाठ्यविषय शिक्षण गर्दा विद्यार्थीलाई निकै बोझिलो भएको र रुचिकर नभएको बताएका छन् । उनले थपेका छन् - "स्नातक तहमा कोशविज्ञानको सामान्य परिचय दिनुपर्ने र त्यसको विस्तृत पाठ्यविषय स्नातकोत्तर तहमा उपयुक्त हुने बताएका छन्" । उनीहरूका अनुसार सामाजिक भाषाविज्ञान, मनोभाषाविज्ञान, शैली विज्ञान, व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, कोशविज्ञान, अनुवाद अध्ययन, सङ्कथन विश्लेषणका पाठ्यविषयहरूलाई भाषा शिक्षण सिकाइसँग जोडिएको हुँदा यो पाठ्यांश भाषा शिक्षण सिकाइका दृष्टिले उपयुक्त देखिन्छ ।

**नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति**. नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धतिको पाठ्यांशमा भाषा पाठ्यक्रमको परिचय, भाषा पाठ्यवस्तुको छनोट र स्तरण, भाषा पाठ्यक्रमको अध्ययन र निर्माण, भाषा पाठ्यपुस्तक तथा अनुपूरक सामग्री, नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन, भाषा पाठ्यपुस्तकको निर्माण

योजना, नेपाली भाषा शिक्षणको परम्परा, भाषा शिक्षणका सामान्य पद्धति, भाषा शिक्षणका विशिष्ट पद्धतिका पाठ्यविषयलाई नौ एकाइमा विस्तार गरिएको छ ।

सम्बन्धित विषय शिक्षकले नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धतिको पाठ्यांश बिएडका विद्यार्थीहरूका लागि आवश्यक भएको बताएका छन् । तर उनीहरूले निर्दिष्ट पाठ्यविषय प्राप्त पाठ्यभारअनुसार अधिक भएको बताएका छन् । उनीहरूले यस पाठ्यांशमा भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बद्ध विषयवस्तुको सैद्धान्तिक एवम् प्रायोगिक अध्ययन विश्लेषणसम्बन्धी पाठ्यविषय समावेश गर्न उपयुक्त हुने धारणा राखेका छन् । यस सन्दर्भमा शिक्षक चौधले "भाषा शिक्षणका सामान्य र विशिष्ट पद्धतिहरू सो पाठ्यांशबाट हटाउन सकिने" राय दिएका छन् । शिक्षक तेरले "शिक्षण पद्धतिलाई यस पाठ्यांशमा भन्दा पनि भाषा शिक्षणको पाठ्यांशमा जोड्न उपयुक्त हुने" धारणा राखेका छन् । दुवै विषय शिक्षकले निर्दिष्ट पाठ्यविषय प्राप्त समयमा पर्याप्त अध्ययन र अभ्यास गराउन नसकिने बताएका छन् । शिक्षक चौधले त "भाषातत्त्वको छनोट, रेखीय र चक्रीय स्तरण जस्ता कतिपय सैद्धान्तिक पाठ्यविषय शिक्षण गर्न कठिन भएको र विद्यार्थीलाई निकै बोझिलो भएको" बताएका छन् । उनीहरूका अनुसार भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण, तिनीहरूको अध्ययन विश्लेषण एवम् मूल्याङ्कन जस्ता पाठ्यविषय भाषा शिक्षण सिकाइसँग प्रत्यक्ष सम्बन्धित भएकाले भाषा शिक्षण सिकाइका दृष्टिले यो पाठ्यांश उपायोगी देखिन्छ ।

**नेपाली भाषा शिक्षण.** नेपाली भाषा शिक्षणको पाठ्यांशमा नेपाली भाषा शिक्षणसम्बन्धी परिचय, विविध सन्दर्भमा नेपाली भाषा शिक्षण, भाषिक विधा शिक्षणको प्रयोजन र प्रक्रिया, सुनाइ शिक्षण, बोलाइ शिक्षण, उच्चारण शिक्षण, पठनबोध र द्रुतपाठ शिक्षण, शब्दार्थ शिक्षण, लेखाइ शिक्षण, वर्णविन्यास शिक्षण, व्याकरण शिक्षण, शिक्षण सामग्री, भाषिक मूल्याङ्कन, अध्यापन योजना, नेपाली भाषा शिक्षणका सामयिक सन्दर्भका पाठ्यविषयलाई पन्ध्र एकाइमा विस्तार गरिएको छ । सम्बन्धित विषय शिक्षकका अनुसार भाषा शिक्षण सिकाइको मूल मर्म नै यही पाठ्यांश भएको हुँदा बिएडका विद्यार्थीहरूले भाषिक सिप शिक्षण, विधा शिक्षण, व्याकरण शिक्षण, शिक्षण सामग्री, भाषिक मूल्याङ्कन एवम् अध्यापन योजना जस्ता पाठ्यविषय सिक्न अनिवार्य छ । तसर्थ यो पाठ्यांश उपयोगी र आवश्यक देखिन्छ । तर एकाइ पन्ध्रमा राखिएका 'नेपाली भाषा शिक्षणका सामयिक सन्दर्भहरू'का विस्तारित पाठ्यविषय त्यति सान्दर्भिक देखिँदैनन् । यस सन्दर्भमा शिक्षक पन्ध्र भन्छन् –"बालमैत्री शिक्षा, निराकरणात्मक शिक्षा, कक्षा व्यवस्थापन, एकीकृत सिकाइको अवधारणा जस्ता विविध पाठ्यविषय एउटै एकाइमा प्रस्तुत गर्नु उपयुक्त होइन ।" त्यसैगरी शिक्षक सोरले एकाइ चौधको अध्यापन योजनामा सहपाठी शिक्षणको पाठ्यविषय पनि थप गर्नुपर्ने धारणा राखेका छन् । समग्रमा उनीहरूले भाषिक सिप तथा पक्षको शिक्षण सिकाइका लागि यो पाठ्यांश समय सापेक्ष बनाउनुपर्ने धारणा राखेका छन् ।

**अनुसन्धान विधि**. अनुसन्धान विधिको पाठ्यांशमा अनुसन्धानको परिचय र विधिहरू, तथ्याङ्क सङ्कलन र उपकरण निर्माण, भाषिक अनुसन्धानमा साङ्ख्यिकीको प्रयोग, अनुसन्धान प्रस्ताव र यसका प्रमुख अङ्गहरू, अनुसन्धान प्रतिवेदनको स्वरूप, अनुसन्धानको भाषा र प्राविधिक पक्ष र कार्यमूलक अनुसन्धानका पाठ्यविषयहरू समाविष्ट छन् ।

'अनुसन्धान विधि'का विषय शिक्षकले यो पाठ्यांश समसामयिक भएको बताएका छन् । उनीहरूका अनुसार यसमा समावेश गरिएका सैद्धान्तिक र प्रायोगिक पाठ्यविषय नवीन र सान्दर्भिक छन् । यस सन्दर्भमा शिक्षक सत्र भन्छन्- "शिक्षण सिकाइका क्रममा अनुसन्धान विधिको पाठ्यांश नवीन भएकाले स्नातक तहका विद्यार्थीले जटिल भएको महसुस गरेका छन् ।" शिक्षक अठारले एकाइ सातमा राखिएको कार्यमूलक अनुसन्धानका चक्रहरू खुलस्त हुनुपर्ने धारणा राखेका । दुवै विषय शिक्षक भन्छन् - "शैक्षणिक दृष्टिले यो पाठ्यांश आवश्यक र उपयोगी छ ।"

**व्यावहारिक लेखन तथा सम्पादन**. व्यावहारिक लेखन तथा सम्पादनको पाठ्यांशमा अभिव्यक्ति, अनुच्छेद लेखन, व्यावहारिक लेखन, प्रशासनिक लेखन, कानुनी लेखन, बैंक तथा बित्तीय कारोवारसम्बन्धी लेखन, भाषा सम्पादन, पाण्डुलिपिको सम्पादनसम्बन्धी पाठ्यविषयलाई आठ एकाइमा विस्तार गरिएको छ ।

'व्यावहारिक लेखन तथा सम्पादन' प्राध्यापन गर्ने विषय शिक्षकले निर्धारित पाठ्यविषय व्यावसायिक जीवनमा मात्र नभएर व्यक्तिका सामान्य जीवनमा पनि उपयोगी भएको बताएका छन् । उनीहरूका अनुसार सो पाठ्यांशलाई अझ व्यावहारिक बनाउन विभिन्न लेखनको परिचय, प्रयोजन, प्रकार जस्ता सैद्धान्तिक विषयलाई पनि प्रयोग अभ्याससँग जोड्नु पर्दछ । यस सन्दर्भमा शिक्षक उन्नाइस भन्छन् - "व्यावहारिक, प्रशासनिक, कानुनी एवम् बित्तीय कारोवारसम्बन्धी लेखनका अभ्यास थप गर्नु पर्दछ ।" त्यसैगरी शिक्षक बिस भन्छन् - "एकाइ एक र दुईमा रहेका अभिव्यक्ति तथा अनुच्छेद लेखनलाई र एकाइ सात र आठमा रहेका भाषा सम्पादन तथा पाण्डुलिपिको सम्पादनलाई मिलाएर अन्य व्यावहारिक लेखनलाई बढाउन सकिन्छ । दुवै विषय शिक्षकले भाषा शिक्षण सिकाइका दृष्टिले यो पाठ्यांश आवश्यक भएको बताएका छन् ।

## निष्कर्ष

यस लेखमा विषय शिक्षकको धारणाका आधारमा त्रिवि, शिक्षाशास्त्र सङ्काय अन्तर्गत चारबर्से बिएडमा लागु गरिएको मुख्य (मेजर) नेपालीका दश पाठ्यांशमा समाविष्ट पाठ्यविषयलाई शैक्षणिक आधारमा विश्लेषण गरिएको छ । यसअनुसार साहित्यिक विधा सम्बद्ध नेपाली कथा र उपन्यास, नेपाली नाटक, एकाङ्की र निबन्ध, नेपाली कविता काव्य र साहित्यशास्त्र र नेपाली समालोचनाका चार पाठ्यांशमा तत् तत् विधाका सैद्धान्तिक परिचयका साथै निर्धारित कृतिहरूको अध्ययन र समीक्षासम्बन्धी पाठ्यविषय समावेश गरिएका छन् । त्यसैगरी भाषाविज्ञान र नेपाली भाषाको पाठ्यांशमा सोही विषय क्षेत्रका

पाठ्या विषयलाई सैद्धान्तिक किसिमले छनोट र स्तरण गरिएको छ । उक्त कुनै पनि पाठ्यांशका पाठ्यविषयलाई भाषा शिक्षण सिकाइसँग जोडिएको छैन । तसर्थ अधिकांश शिक्षकले उक्त पाठ्यांशलाई सैद्धान्तिक ज्ञानका साथै भाषा शिक्षण सिकाइसँग जोड्नुपर्ने धारणा राखेका छन् । नेपाली कथा र उपन्यास र नेपाली कविता काव्यको पाठ्यांशका सन्दर्भमा एक एक जना शिक्षकले साहित्यिक विधालाई भाषा शिक्षण सिकाइसँग जोड्न आवश्यक नभएको बताएका छन् । त्यस्तै सम्बन्धित विषय शिक्षकले साहित्यशास्त्र र नेपाली समालोचनाको पाठ्यांशलाई भाषा शिक्षण सिकाइसँग जोडेर शिक्षण गर्न कठिन हुने बताएका छन् । अतः शिक्षाशास्त्र सङ्कायका उल्लिखित पाठ्यांश मूलतः सैद्धान्तिक प्रकृतिका भएको हुँदा तिनका मुख्य मुख्य पाठ्यविषयलाई विषय शिक्षकले भने झैँ भाषा शिक्षण सिकाइसँग जोड्नुपर्ने देखिन्छ ।

निर्धारित दश पाठ्यांशमा नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति, नेपाली भाषा शिक्षण, अनुसन्धान विधि र व्यावहारिक लेखन तथा सम्पादनका चार पाठ्यांश प्रत्यक्ष भाषा शिक्षण सिकाइसँग सम्बन्धित छन् । उल्लिखित सबै पाठ्यविषयहरू भाषिक सिप तथा पक्षहरूको शिक्षण सिकाइ तथा तिनको अनुसन्धानसँग सम्बन्धित छन् । त्यसैले सम्बन्धित विषय शिक्षकले यी सबै पाठ्यांश भाषा शिक्षण सिकाइका दृष्टिले आवश्यक र उपयोगी भएको बताएका छन् । उनीहरूले उक्त पाठ्यांशमा समाविष्ट शिक्षण पद्धति, कार्यमूलक अनुसन्धान, व्यावहारिक लेखन जस्ता केही पाठ्यविषयहरू परिमार्जन गर्नुपर्ने राय दिए बमोजिम भाषा शिक्षण सिकाइसँग सम्बन्धित पाठ्यांशलाई पनि समय सापेक्ष बनाउनु पर्दछ ।

समग्रमा सम्बन्धित विषय शिक्षकले भने बमोजिम विद्यार्थीलाई जटिल लागेका, निर्धारित पाठ्भारमा अध्ययन अध्यापन गर्न नसकिने र भाषा शिक्षण सिकाइसँग नजोडिएका नितान्त सैद्धान्तिक पाठ्यविषयलाई शिक्षाशास्त्र सङ्कायको मर्मअनुसार विद्यार्थीको स्तरलाई दृष्टिगत गरी भाषा शिक्षण सिकाइ अनुकूल हुने गरी परिमार्जन गर्नुपर्ने देखिन्छ । साथै परिवर्तित समयानुसार सूचना प्रविधि, नेपालको भाषिक अवस्था, बहुभाषिक शिक्षा जस्ता पाठ्यविषयहरू थपोट गर्नुपर्ने देखिन्छ ।

यो लेख मूलतः नेपाली शिक्षाका पाठ्यांश निर्माण तथा परिमार्जनका सन्दर्भमा उपयोगी हुने छ भने भाषा शिक्षण सिकाइका लागि पनि सहायक हुने छ । साथै यस लेखले विषय विज्ञ, सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरूको धारणा समेत लिएर निर्दिष्ट पाठयांशको मूल्याङ्कन गर्न सकिने आधार दिएको छ ।

## कृतज्ञता ज्ञापन

यो लेख विश्वविद्यालय अनुदान आयोग, भक्तपुरबाट प्राप्त आर्थिक सहयोग (SRDIG–78/79– Ed 07) मा गरिएको लघु अनुसन्धानमा आधारित भएको हुँदा आयोगप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

## सन्दर्भ सूची

अधिकारी, हेमाङ्ग राज (२०६७), *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, बालकृष्ण (२०७०), *पाठ्यक्रम तथा मूल्याङ्कन,* काठमाडौँ : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रालि ।

आकास/Akkaş, F. D. (2023). An evaluation of an english language course given via distance education. *Bartin Üniversitesi Egitim Fakültesi Dergisi, 12*(1), 30-46. https://doi.org/10.14686/buefad.927281

कोर्डी/ Kordi, L., & Koosha, M. (2018). A comparative evaluation of iranian ELT PhD curriculum: Reappraisal of goals, admission criteria and course requirements in iran. *Research in English Language Pedagogy (RELP), 6*(2), 295-321. https://doi.org/10.30486/relp.2018.542709

खनिया, बुद्धराज (२०७८), स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षण सम्बद्ध पाठ्य विषयहरूको छनोट र स्तरण, *विकासका निम्ति शिक्षा,* वर्ष ४५, अङ्क २५, १५९-१७८, https://doi.org/10.3126/bns.v45i25.59978

खनिया, बुद्धराज (२०७९), *स्नातकोत्तर तहको नेपाली शिक्षाका पाठ्यांशको अध्ययन,* शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुरमा प्रस्तुत लघु अनुसन्धान ।

खनिया, बुद्धराज (२०८०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रालि ।

टिच/Teach, L. (2008). The language curriculum: A social contextual perspective. *The Language Curriculum*. 41:2, 147–181. https://doi.org/10.1017/S0261444807004867

ड्रुजिनिना/Druzhinina, M., Belkova, N., Donchenko, E., Liu, F. and Morozova, O. (2018). *Curriculum Design in Professional Education: Theory and Practice*. https://doi.org/10.1051/shsconf/20185001046 . SHS Web of Conferences 50, 01046.

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७६), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौँ : एम्.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

त्रिवि, शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय (२०७२), *चार बर्से बिएडका नेपालीका पाठ्यांश,* त्रिवि, शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालय, काठमाडौँ ।

निउरे, ध्रुव प्रसाद (२०७४), *पाठ्यक्रम अभ्यास,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

नेसन/Nation, I. S. P. and Macalister, J. (2010). *Language Curriculum Design*. New York : Routledge.

पौडेल, माधव प्रसाद (२०६७), *भाषा पाठ्यक्रम, पाठ्य सामग्री तथा शिक्षण पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधव प्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि.।

ब्ली/Blee, K. M. & Taylor, V. (2002). Seme-structured interviewing in social movement research. *In:* Bert klandermans and Suzanne straggenborge (eds.). *Methods of social movement research*. Minnacapolis: University Minnacsota Press, pp. 92-117.

भट्टराई, होमनाथ र जिसी, कृष्ण बहादुर (२०७५), *पाठ्यक्रम अभ्यास,* काठमाडौँ : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रालि ।

भियाना/Viana, J. and Peralta, H. (2021). Online Learning: From the Curriculum for All to the Curriculum for Each Individual. *Journal of New Approaches in Educational Research*, *10*(1), 122-136. Inc. https://doi.org/10.7821/naer.2021.1.579.

राजी निया/ Rajaee Nia, M., Abbaspour, E., and Zare, J. (2013). A critical review of recent trends in second language syllabus design and curriculum development. *International Journal of Research Studies in Language Learning, 2*(2), 63-82. https://doi.org/10.5861/ijrs11.2012.152

राष्ट्रिय तथ्याङ्क कार्यालय (सन् २०२३), *राष्ट्रिय जनगणना २०७८ को राष्ट्रिय प्रतिवेदन,* राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाडौँ ।

रिचर्ड्स/Richards, J. C. (2013). Curriculum approaches in language teaching: Forward, central, and backward design. *RELC Journal*, *44*(1), 5-33. https://journals.sagepub.com/doi/10.1177/0033688212473293

लिलासोपवत/Leelasopawut, R. (2022). *A study of thinking-based curriculum design in improving interactional competence for EFL in thai context: A case study* (Order No. 30321089). Available from Publicly Available Content Database. (2761022852). https://www.proquest.com/dissertations-theses/study-thinking-based-curriculum-design-improving/docview/2761022852/se-2

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, चन्द्रबहादुर र रंजितकार, किरण राम (२०७६), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।